# पूर्वाञ्चल विकास क्षेत्र र मध्यमाञ्चल क्षेत्रका केही छानीएका कार्यक्रम/आयोजनाको स्थलगत अनुगमनको प्रतिवेदन

राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरवार, काठमाडौं
२०६८ असार

विषयसूचिहरु

१. पृष्ठभूमि र उद्देश्य.......................................................................................१

२. अनुगमन सम्वन्धि सूचनाका श्रोतहरु र अनुगमन कार्ययोजनाको कार्यान्वयन स्थिति..............................३

३. क्षेत्रगत रुपमा प्रस्तुतीकरण, छलफल तथा स्थलगत अनुगमन गरिएका कार्यक्रम / आयोजनाहरु..............४

३.१.स्थानीय विकास, ग्रामिण सडक तथा महिला तथा बालबालिका...........................................४

३.२ एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम तथा औषधि आपूर्ति कार्यक्रम..........................................७

३.३ विद्यालयक्षेत्र सुधार कार्यक्रम र रोजगारीकालागि सीप परियोजना...........................................७

३.४.सिचाई, नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप.............................................................९

३.५.सडक, आवास तथा खानेपानी.......................................................................११

३.६ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम.......................................................................१६

३.७ कृषि विकास तथा पशुपालन.......................................................................१७

३.८ विविध कार्यक्रम..............................................................................................१८

४. क्षेत्रगत समस्या र समाधानका उपायहरु.......................................................................२३

अनुसूचिहरु

अनुसूचि १ : पूर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रका अनुगमन कार्यका सन्दर्भिक फोटोहरु...................... i

अनुसूचि २ : पूर्वाञ्चल क्षेत्र विराटनगरमा मितिः २०६८/२/२६ भएको क्षेत्रीय अनुगमनको कार्यक्रम.............. v

अनुसूचि २ (क) : मध्यमाञ्चल क्षेत्र हेटौडामा मितिः २०६८/२/३० भएको क्षेत्रीय अनुगमनको कार्यक्रम ......... vii

अनुसूचि ३ : विराटनगरमा भएको प्रगति समिक्षाको उपस्थिति विवरण.................................................. . ix

अनुसूचि ३ (क) : हेटौडामा भएको प्रगति समिक्षाको उपस्थिति विवरण....................................................xiii

अनुसूचि ४ : राष्ट्रिय योजना आयोगबाट अनुगमन टोलीमा संलग्न सदस्य र कर्मचारीहरु............................ xvii

अनुसूचि ५ : अनुगमनका संवन्धमा केही पत्रपत्रिकामा प्रकाशित खवरहरु............................................... xviii

## १. पृष्ठभूमि र उद्देश्य

विकास कार्यक्रम तथा आयोजनाहरुको अनुगमन कार्य प्रणालीलाई प्रभावकारी वनाउने उद्देश्यले राष्ट्रिय योजना आयोगले यस आर्थिक वर्ष देखि ५ वटै विकास क्षेत्रमा संचालित राष्ट्रिय प्रथामिकता प्राप्त छानिएको विशेष आयोजनाहरुको स्थलगत अनुगमन गर्ने संदर्भमा पूर्वाञ्चल क्षेत्रको विराटनगर, मध्यमाञ्चलको हेटौडा र पश्चिमाञ्चलको पोखरा, मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलको धनगडीमा एक दिनको छलफल तथा अर्न्तक्रिया गर्ने तत् पश्चात केहि छानिएका कार्यक्रम आयोजनाको कार्यस्थलमै स्थलगत अनुगमन गर्ने निर्णय भएको थियो । यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगका माननीय सस्दय श्री रामकुमार शर्माको नेतृत्वमा क्षेत्रीय अनुगमन टोलीले मितिः २०६८/२/२६ देखि २९ तक पूर्वाञ्चल क्षेत्रका केही छानिएका कार्यक्रम आयोजनाको अनुगमन कार्य सम्पन्न गरेको थियो । अनुगमन टोलीमा राष्ट्रिय योजना आयोगका माननीय सस्दय श्री रामकुमार शर्मा राष्ट्रिय योजना आयोगका अनुगमन तथा मूल्याङ्कन महाशाखाका सह-सचिव श्री ध्रुव प्रसाद दाहाल, राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक भगवान आर्याल, स्थानीय विकास मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन शाखाका उप-सचिव श्री धन वहादुर श्रेष्ठ तथा अर्थ मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन शाखाका उपसचिव श्री निर्मल सिवाकोटी लगायत विकास क्रियाकलाप सग सम्बन्धित क्षेत्रगत मन्त्रालयका वरिष्ठ अधिकृतहरु, क्षेत्रगत निकायका क्षेत्रीय निर्देशक लगायत वरिष्ठ अधिकृतहरु रहनु भएको थियो । सो कार्यक्रममा सहभागीको रुपमा सिराह, सप्तरी, उदयपुर, सुनसरी, मोरङ्ग, धनकुटा र झापा जिल्लाका स्थानीय विकास अधिकारीहरु, शिक्षा, स्वास्थ्य, महिला विकास, सडक, सिचाई, भूसंरक्षण तथा नदी नियन्त्रण, कृषि, वन, ऊर्जा लगायतका विकास क्रियाकलापसँग सम्वन्धित उल्लेखित जिल्लाका सम्बद्ध कार्यालय प्रमख र आयाजेना प्रमूखहरुको सहभागीता रहेको थियो ।

मिति २०६८/२/२६ गते विराटनगरमा एक दिने छलफल र अन्तक्रिया कार्यक्रम भएको थियो । यो कार्यक्रमको पहिलो सत्रको सभापतित्व जिल्ला विकास समिति मोरङ्का निमित्त स्थानीय विकास अधिकारीले गर्नु भएको थियो भने प्रस्तुतीकरण र छलफल सम्बन्धि दिन भर संचालन भएको दोस्रो सत्रको सभापतित्व क्षेत्रगत निकायका मन्त्रालय विभाग तथा क्षेत्रीय निर्देशनालयका वरिष्ठ अधिकृतहरुले गर्नु भएको थियो । दोस्रो सत्र पछि समापन कार्यक्रम संचालन भइ सो दिनको प्रस्तुतीकरण छलफल लगायतका सवै कार्यक्रम सम्पन्न भएको थियो । सो दिनको कार्यक्रम विहान ९ वजे देखि वेलुकी ५:३० सम्म जिल्ला विकास समितीको सभाकक्ष मोरङ्गमा संचालन भएको थियो । प्रस्तुतीकरण र छलफल सम्वन्धि कार्यक्रम र सहभागीहरुको उपस्थिती विवरण अनुसूची २ र ३ मा दिइएको छ ।

यसै गरी राष्ट्रिय योजना आयोगका माननीय सस्दय श्री रामकुमार शर्माकै नेतृत्वमा क्षेत्रीय अनुगमन टोलीले मध्यमाञ्चलको हेटौडामा मितिः २०६८/२/२९ देखि ३१ तक स्थलगत अनुगमन कार्य सम्पन्न गरेको थियो । अनुगमन टोलीमा राष्ट्रिय योजना आयोगका माननीय सस्दय श्री रामकुमार शर्मा राष्ट्रिय योजना आयोगका अनुगमन तथा मूल्याङ्कन महाशाखाका सह-सचिव श्री ध्रुव प्रसाद दाहाल, राष्ट्रिय

योजना आयोगका कार्यक्रम निर्देशक भगवान आर्याल, स्थानीय विकास मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन शाखाका उप-सचिव श्री धन वहादुर श्रेष्ठ लगायत विकास क्रियाकलाप सम्बन्धित क्षेत्रगत मन्त्रालयका वरिष्ठ अधिकृतहरु, क्षेत्रगत निकायका क्षेत्रीय निर्देशक लगायत वरिष्ठ अधिकृतहरु रहनु भएको थियो । सो कार्यक्रममा सहभागीको रुपमा मकवानपुर, चितवन, धादिङ्ग, बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुली, धनुषा र महोत्तरी जिल्लाका स्थानीय विकास अधिकारीहरु, शिक्षा, स्वास्थ्य, महिला विकास, सडक, सिचाई, भूसंरक्षण तथा नदी नियन्त्रण, कृषि, वन, ऊर्जा लगायतका विकास क्रियाकलापसँग सम्बन्धित उल्लेखित जिल्लाका सम्बद्ध कर्मचारीहरुको सहभागीता रहेको थियो ।

मिति २०६८/२/३० गते हेटौंडामा भएको कार्यक्रमको पहिलो सत्रको सभापतित्व जिल्ला विकास समिति मकवानपुरका स्थानीय विकास अधिकारीले गर्नु भएको थियो भने प्रस्तुतीकरण र छलफल सम्बन्धिकार्यक्रम  दिन भर संचालन भएकोथियो । दोस्रो सत्रको सभापतित्व क्षेत्रगत निकायका मन्त्रालय विभाग तथा क्षेत्रीय निर्देशनालयका वरिष्ठ अधिकृतहरुले गर्नु भएको थियो । दोस्रो सत्र पछि समापन कार्यक्रम संचालन भइ सो दिनको प्रस्तुतीकरण छलफल लगायतका सवै कार्यक्रम सम्पन्न भएको थियो । समापन कार्यक्रमको सभापतित्व क्षेत्रीय प्रशासन कार्यालयका सह क्षेत्रीय प्रशासक ध्रुव प्रसाद ढकालले गर्नु भएको थियो । सो दिनको कार्यक्रम विहान ११.३० वजे देखि वेलुकी ६:३० सम्म जिल्ला विकास समितीको सभाकक्ष मकवानपुरमा  संचालन भएको थियो । प्रस्तुतीकरण र छलफल सम्वन्धि कार्यक्रम र सहभागीहरुको उपस्थिती विवरण अनुसूची २(क) र ३(क) मा  दिइएको छ ।

**विराटनगरमा भएको प्रगति समिक्षा** ***को एक झलक***



## २. अनुगमन सम्वन्धि सूचनाका श्रोतहरु र अनुगमन कार्ययोजनाको कार्यान्वयन स्थिति

प्रस्तुतीकरण तथा छलफल कार्यक्रममा आयोजना कार्यान्वयन संग प्रत्यक्ष रुपमा संलग्न आयोजना प्रमुख लगायत सम्वद्ध कर्मचारीहरु वाट प्राप्त तथ्याङ्क, विवरण लगायतका सूचनाहरु प्राप्त गरिएको थियो । यस संदर्भमा कतिपय आयोजना प्रमुखहरुबाट पावर प्वाईन्टको रुपमा प्रस्तुतीकरण भएको थियो भने अन्यले आफ्नो निकायको प्रगती प्रतिवदेनका आधारमा मौखिक प्रस्तुतीकरण गर्नु भएको थियो । सवै जिल्लाको प्रतिनिधित्व हुने गरी क्षेत्रगत रुपमा विकास आयोजनाहरुलाई शिक्षा, स्वास्थ्य, स्थानीय विकास तथा महिला वालबालिका र ग्रामिण सडक, सडक पुल, खानेपानी, सिंचाई जल उत्पन्न प्रकोप र नदी नियन्त्रण, राष्ट्रपति चूरे संरक्षण कार्यक्रम, कृषि तथा पशुपालन र गरिवी निवारण तथा अन्य कार्यक्रमहरुमा वर्गीकरण गरी प्रस्तुतीकरण गराइएको थियो । प्रस्तुतीकरण तथा छलफल कार्यक्रमलाई प्रभावकारी वनाउन प्रत्येक क्षेत्रका लागि आधा घण्टाको समय निर्धारण गरी पहिलो १५ मिनेटमा कार्यक्रम आयोजना सम्वन्धि सक्षिप्त परिचय, कार्यान्वयन स्थिति, कार्यान्वयनमा देखिएको समस्या र क्षेत्रीय तथा केन्द्रीय तहवाट गर्नुपर्ने समाधानका कुराहरुलाई केन्द्र विन्दु वनाई प्रस्तुतीकरण गर्न लगाइएको थियो । वाँकी १५ मिनेटको समय छलफलमा केन्द्रीत रहेको थियो । यस कार्यक्रममा मन्त्रालय विभाग र क्षेत्रीय कार्यालयहरु लगायतको समेत प्रतिनिधित्व रहेको हुँदा आ-आफ्नो निकाय सम्वन्धित तत्कालै समाधान गर्न सकिने कुराहरुलाई संवोधन गर्ने व्यवस्था मिलाइएको थियो । केही आयोजना कार्यक्रमको प्रगती स्थिति, देखिएको समस्याहरु र केन्द्रवाट समाधान गरिनुपर्ने समस्या सम्वन्धि विवरण अनुसूची ३ मा दिइएको छ ।

विकास कार्यक्रम आयोजनाहरुको सुरु तहको अनुगमन गर्ने कार्य  आयोजना कार्यान्वयन गर्ने निकाय, क्षेत्रीय निर्देशनालय, तालुक विभागका साथै मन्त्रालयको नै हुने हुँदा राष्ट्रिय योजना आयोगले यसै आर्थिक वर्ष देखि प्राथमिकता प्राप्त प्रथम आयोजना र दातृ निकाय संलग्न आयोजनाको हकमा नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०६७ जारी गरी कार्यक्रम स्वीकृत गर्दा नै अनुगमन कार्ययोजनालाई अनिवार्य बनाएको थियो ।

यस आर्थिक वर्षमा वार्षिक बजेट स्वीकृतीनै ढिलो भएको लगायतका कारणले आयोजनाहरुको कार्यान्वयन स्थिति पनि सन्तोषजनक हुन नसकेको र अनुगमन कार्ययोजना अनुसार सम्बन्धित निकायबाट अनुगमन समेत हुन नसकेको कार्यक्रमको प्रस्तुतिकरण तथा छलफलको समयमा जानकारी हुन आयो । आर्थिक वर्ष समाप्ती नजिक आइरहेको सर्न्दभमा कतिपय आयोजनाहरुको पूँजीगत खर्चको स्थितिमा समेत कमी रहेको देखियो ।

## ३. क्षेत्रगत रुपमा प्रस्तुतीकरण, छलफल तथा स्थलगत अनुगमन गरिएको कार्यक्रम आयोजनाहरु

### ३.१.स्थानीय विकास, ग्रामिण सडक तथा महिला तथा बालबालिका

### (क) स्थानीय विकास

लामो समयसम्म स्थानीय निकायहरु जनप्रतिनिधि विहिन अवस्थामा रहेका भएतापनि कतिपय विकास निर्माण कार्यहरु सञ्चालन भई रहेका छन् । जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा जाने अनुदान रकम सुत्रमा आधारित भई कार्यसम्पादनका आधारमा घटबढ हुने हुँदा कार्य सम्पादन राम्रो गर्ने स्थानीय निकायहरुले बढि अनुदान रकम प्राप्त गरी सोही अनुसार विकास निर्माण कार्यहरु सञ्चालन गर्ने गरेका छन् । । केहि वर्ष यता नेपाल सरकारले स्थानीय निकायहरुमा जाने निसर्त, ससर्त र अन्य अनुदानमा व्यापक वृदि गरेको छ । यस सन्दर्भमा स्थानीय निकायहरुबाट निर्माण भएका कतिपय स्थानीय बाटाघाटाहरु, नदी नियन्त्रण तथा तटबन्ध जस्ता कुराहरु, कृषि हाटबजार तथा स्थानीयस्तरमा मनोरञ्जन प्रदान गर्न पार्क आदी जस्ता कुराहरुको निर्माणले स्थानीयस्तरमा विकासको लहर समेत ल्याएको देखिन्छ ।

तर स्थानीय निकायमा विकास निर्माण सम्बन्धी कार्यका लागि जाने रकम मध्ये अधिकांश रकम सडक निर्माण कार्यमा खर्च हुने गरेको पाइयो । यसरी रकम खर्च गर्दा कतिपय अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, स्थानीय स्वायत्त शासन नियमावली लगायत प्रचलित ऐन नियम अनुसार नियम प्रक्रिया पुऱ्याई विकास निर्माण कार्यहरु भए गरेको चाँही देखिएन । स्थानीय निकायबाट संचालन हुने अधिकांश आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन हुने हुँदा उपभोक्ता समितिको नाउँमा ठूलो रकम पेश्की फछ्र्यौट हुन बाँकी रहेको र निर्माण कार्यको गुणस्तर सम्बन्धमा पनि सुनिश्चितता गर्न अप्ठ्यारो परेको देखिन आएको छ । स्थानीय तहबाट आयोजनाहरु छनौट गर्दा समेत कतिपय अवस्थामा राजनैतिक भागबण्डाका आधारमा छनौट हुने गरेको र यस्ता आयोजनाहरुको दीगोपना लगायतका कुराहरुको समेत प्रश्न उठ्न गएको देखिन्छ । सानासाना टुक्रे आयोजनाहरुमा कनिका छरे जस्तो गरी रकम छरी भिरपाखाहरुमा समेत अव्यवस्थित तरिकाबाट डोजर लगायत ठूला उपकरणहरु प्रयोग गरी वातावरणमा नै असन्तुलन हुने गरी कतिपय कार्यहरु भएको सन्दर्भमा स्थानीयस्तरमा समेत गुनासो रहेको पाइन्छ । यसर्थ साना साना टुक्रे आयोजनाहरुमा कनिका छरे जस्तो गरी राजनीतिक भागबण्डाका आधारमा रकम छर्नु भन्दा एक वा एक भन्दा बढी स्थानीय निकायहरु समेत मिली स्थानीयस्तरका सम्भाव्य आयोजनाहरु छनौट गरी योजनाबद्ध रुपमा विकास क्रियाकलापहरु सञ्चालन गर्न नितान्त आवश्यक रहेको देखिन्छ ।

केन्द्रतहबाट पनि बजेट व्यवस्थामा नपरेका (Unfunded budget and program) राजनीतिक दबाब र भनसुनका आधारमा जाने र त्यस्तो रकम आर्थिक वर्षको अन्त्यमा जाने प्रवृत्तिले गर्दा रकमको दुरुपयोग हुन सक्ने कुरालाई समेत स्थानीय विकास अधिकारीहरु स्वयम्ले नै चिन्ता प्रकट गर्ने गरेको पाइयो ।

### (ख) ग्रामिण सडक

स्थानीय तथा ग्रामिण सडकतर्फ RRRSDP, RAIDP का साथै DRILP कार्यक्रम लागू भएका जिल्ला हरुमा विभिन्न चरणमा निर्माण कार्य हुँदै गरेको देखियो । कतिपय स्थानमा सडक क्षेत्रमा पर्ने जग्गाहरु कित्ताकाट गरी नेपाल सरकारको नाममा ल्याउन नापी कार्यालयको अमिनको अभावले गर्दा समयमै

कित्ताकाट गरी जग्गा नेपाल सरकारको नाउँमा नामसारी हुन सकिरहेको छैन । आयोजनाले थप अमिनको व्यवस्था गरी समयमै कित्ताकाँट र दाखिल खारेजको काम सम्पन्न गर्नु पर्ने देखिन्छ ।

सिन्धुली जिल्लामा DRSP तर्फको २ वटा सडक निर्माण गर्न वन मन्त्रालयको स्वीकृती प्राप्त हुन नसकेकोले निर्माण कार्य प्रारम्भ गर्न सकेको देखिएन । चालु आर्थिक वर्षको लागि ७ करोड बजेट विनियोजन भएकोमा हाल सम्म ३ करोड मात्र खर्च भएको देखियो । यसमा वन मन्त्रालयवाट अविलम्व सडक निर्माण स्वीकृती लिनु पर्ने देखिन्छ । RRRSDP तर्फ निर्माण गरिने एउटा सडकको जग्गा अधिग्रहण र मुआब्जा वितरण सम्वन्धि मुद्धा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेकोले हाल सम्म निर्माण कार्य प्रारम्भ गर्न सकिएको छैन । त्यस्तै दोस्रो सडकको DPR तयार भई DOLIDAR मा पठाइएकोमा हालसम्म कुनै कारबाही भएको छैन ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट संचालित कार्यक्रमहरुमा बजेट विनियोजन कम भएको कारण ५३ वटा गाविसको भवन निर्माण गर्नुपर्नेमा हालसम्म १० वटा गाविसको मात्र भवन निर्माण भएको छ ।

मकवानपुर जिल्लामा RAIDP द्वारा ओटासिल गरिएको सडकहरुलाई स्थानीय उपभोक्ताले रुचाएको पाइएन ।

आर्थिक वर्षको अन्तमा जिल्ला विकास समितिमा केन्द्रवाट धेरै वजेट रकमान्तर भई आउने गरेको छ । समय अभाव र प्राविधिक जनशक्तिको अभावले गर्दा उक्त वजेट अषाढ मसान्त सम्म खर्च गरिसक्ने अवस्था नरहेकोले  कार्तिक मसान्त सम्म खर्च गर्न सकिने व्यवस्था गर्न अनुरोध गरेको पाइयो ।

स्थानीय निकायमा हाल कायम रहेको सर्वदलिय संयन्त्रले आवश्यकताको आधारमा आयोजना छनोट गर्ने भन्दा राजनीतिक भागवण्डाको आधारमा आयोजना छनोट गर्ने सस्कृतिको विकास रहेको पाइयो ।

स्थानीय स्तरमा उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोक्ताहरु मध्येबाट उपभोक्ता समिति गठन नभई राजनीतिक प्रतिनिधित्वको अधारमा उपभोक्ता समिति गठन हुने गरेको पाइयो । स्थानीयस्तरको विकास निर्माण कार्यमा मुख्यतः निम्न समस्याहरु रहेको देखियो ।

- शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट संचालित कार्यक्रमहरुमा वजेट विनियोजन कम भएको कारण ५३ वटा गाविसको भवन निर्माण गर्नुपर्नेमा हालसम्म १० वटा गाविसको भवन निर्माण भएको छ भने अन्य निकाय जस्तै वन कार्यालयको क्षतिग्रस्त भवन सम्वन्धी केही काम नभएको ।
- मकवानपुर जिल्लामा RAIDP द्वारा ओटासिल गरिएको सडकहरुलाई स्थानीय उपभोक्ताले रुचाएको पाइएन । यसको लागि RAIDP को लागि सडक निर्माण मापदण्डमा पुनरावलोकन गर्न जरुरी छ ।
- आर्थिक वर्षको अन्तमा जिल्ला विकास समितिमा केन्द्रवाट धेरै वजेट रकमान्तर भई आउने गरेको छ । समयअभाव प्राविधिक जनशक्तिको अभावले गर्दा उक्त वजेट अषाढ मसान्त सम्म खर्च गरिसक्ने अवस्था नरहेको पाइयो ।
- स्थानीय निकायमा हाल कायम रहेको सर्वदलिय संयन्त्रले आवश्यकताको आधारमा आयोजना छनोट गर्ने भन्दा राजनीतिक भागवण्डाको आधारमा आयोजना छनोट गर्ने सस्कृतिको विकास गरेको पाइयो ।

- स्थानीय स्तरमा धेरैजसो उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोक्ताहरु मध्य वाट उपभोक्ता समिति गठन नभई राजनीतिक प्रतिनिधित्वको अधारमा उपभोक्ता समिति गठन हुने गरेको पाइयो ।
- गाविस सचिवहरुले सामाजिक वजेटको ठूला रकम नीजि खातामा राखी खर्च गर्ने प्रवृति ।
- आर्थिक वर्षको अन्तमा जिल्ला विकास समितिमा केन्द्रवाट धेरै वजेट रकमान्तर भई आउने गरेको छ । आ.व.को अन्तमा थप वजेट पठाउने परम्पराको अन्त गर्नुपर्ने, पठाउनै पर्ने भएमा उपलब्ध जनशक्ति र समयको समेत ख्याल गरी थप वजेट पठाउने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- स्थानीय निकायमा हाल कायम रहेको सर्वदलिय संयन्त्रले अवाश्यकताको आधारमा आयोजना छनोट गर्ने भन्दा राजनीतिक भागवण्डाको आधारमा आयोजना छनोट गर्ने सस्कृतिको विकास गरेको पाइयो । यसमा स्थानीय स्वायत्त शासन ऐन, नियम र निर्देशिका अनुसार योजना छनोट पद्यती पूर्ण रुपमा कार्यान्वयन गर्न निर्देशन दिनु पर्ने देखिन्छ ।
- धरान नगरपालीकाले बहु जातीय संग्रालय र सप्तरंगी पार्क निर्माण गर्न प्रारम्भ गरेको पाइयो । अनुगमन क्रममा यी स्थानहरुको निरिक्षण गर्दा यी निर्माण कार्यहरु महत्वाकांक्षी जस्तो देखिए पनि दीर्घकालीन रुपमा यस्ता आयोजनाहरु प्रभावकारी हुने देखिन्छ । यी निर्माण कार्यको सफलताको लागि सरकारले पनि थप बजेट उपलब्ध गराउनु पर्ने देखिन्छ ।
- दमक नगरपालीका र इटहरी नगरपालीकाहरुले शहरी क्षेत्र भित्र व्यापक रुपमा सडक पिच गर्ने कार्य गरेको देखियो । यो कार्यमा स्थानीय उपभोक्ताहरुको लागत सहभागिता ५०% सम्म रहेको देखियो । यो सडक पिच गर्ने कार्यलाई सफल कार्यको रुपमा लिई अन्य नगरपालीका हरुमा पनि यसै अनुरुपको सडक पिच गर्ने कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।
- मोरङ्ग जिल्लाको केरावारी गाविसमा महिलाहरुको सक्रियातामा सडक ग्राभेल गर्ने कार्यलाई नमुनाको रुपमा लिई अन्य गाविसमा पनि यसै वमोजिमको कार्यक्रम संचालन गराउनु प्रोत्साहित गर्नु पर्ने देखिन्छ ।

***मोरङको केरावारी क्षेत्रमा महिला उपभोक्ता बाट निर्मित एउटा सडक***



**(ग) महिला तथा बालबालिका**

महिला तथा बालबालिकातर्फ हुने महिला सहकारी भवन निर्माण गर्न रु १ लाख विनियोजन गर्ने गरेको पाइयो । पर्याप्त रकम विनियोजन नभएको कारण महिलाहरुले विभिन्न संघ संस्था र स्थानीय निकायहरुमा अनुरोध गरी थप रकम जुटाइ भवन निर्माण गर्ने गरेको पाइयो । भवन निर्माण पश्चात महिला शहकारीमा प्रभावकारीता वृदि भएको देखिएकोले यो कार्यक्रमलाई निरन्तरता दिँदै भवन निर्माणको लागि थप वजेट व्यवस्था गर्नु पर्ने देखिन्छ ।

महिला तथा बालबालिका कार्यालयहरुमा कामको चाप वढ्दै गएको तुलनामा दरवन्दी वृद्धि हुनु सकिरहेको छैन । उक्त कार्यालय हरुमा ना.सु. स्तरको प्रशासनिक कर्मचारी-१ थप गर्नु पर्ने देखिन्छ ।

महिला तथा बालबालिका कार्यालयहरुले चालू कार्यक्रम तर्फको हालसम्मको प्रगति ७५-१००% सम्म रहेको पाइयो ।

जेष्ठ नागरिक स्वास्थ्यको प्रचार कार्यक्रम अन्तर्गत प्रतिव्यक्ति रु.२०००/- दिँदै आइरहेको तर यस कार्यक्रमका लागि जिल्लाको लागि छुट्टयाएको रकम सारै न्यून रहेको हुँदा (रु.८०,००० वजेट विनियोजन) स्वास्थ्य उपचार गर्न आवश्यक पर्ने सबै जेष्ठ नागरिकहरुलाई यो सुविधा उपलब्ध गराउन सकिएको देखिएन । यो कार्यक्रम ज्यादै प्रभावकारी देखिएको हुँदा बजेट विनियोजन वृद्धि गर्नु पर्ने देखिन्छ । साथै द्वन्द्ववाट पिडित बालबालिकाको लागि राज्यको तर्फवाट खासै कार्यक्रम नभएको सन्दर्भमा केही सामाजिक संस्थाले गरेको कामलाई सरकारले सहयोग गरी प्रोत्साहन गर्नुपर्ने देखिन्छ । ( उदारणको लागि ग्रामिण जीवन सूधार मञ्च हेटौडा-५)

## ३.२ एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम तथा औषधि आपूर्ति कार्यक्रम

एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम तथा औषधि आपूर्ति कार्यक्रमतर्फका अधिकांश कार्यक्रमहरु समयमा बजेट निकासा नभएको कारणबाट सञ्चालन हुन नसकेको देखियो । कतिपय कार्यक्रमहरुको प्रगति स्थिति २० प्रतिशत भन्दा पनि कम रहेको देखिएको छ । नेपाल सरकारले निशुल्क उपलब्ध गराउन तोकिएका औषधीहरु कतिपय स्वास्थ्य संस्थामा समयममानै  पर्याप्त औषधिहरु उपलब्ध नभएको पाइयो । खासगरि दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा दरवन्दी अनुसार स्वास्थ्यकर्मी उपलब्ध नहुँदा सेवा प्रवाहमा अप्ठेरो भएको देखिन्छ ।

## ३.३ विद्यालयक्षेत्र सुधार कार्यक्रम र रोजगारीकालागि सीप परियोजना

**(क) विद्यालय क्षेत्र सुधार कार्यक्रम**

सरकारले शिक्षा क्षेत्रमा ठूलो रकम विनियोजन गर्दै आएको भएतापनि सार्वजनिक विद्यालयहरुबाट दिइने गुणस्तर लगायतका कुराहरुमा बारम्बार टिकाटिप्पणी हुने गरेको छ । सिक्न चाहने सबैलाई गुणस्तरिय रुपमा समानरुपमा शिक्षाको पहुँच पुर्‍याउने उद्देश्यले विद्यालय क्षेत्र सुधार कार्यक्रम विभिन्न दातृ निकायको सहयोगमा सञ्चालनमा रहेको छ । यो कार्यक्रमको सञ्चालन गर्दा पारदर्शिता र जवाफदेहीता अभिवृद्धि हुने गरी स्थानीय निकाय लगायत स्थानीयस्तरका समुदाय, गैह्र सरकारी संस्था लगायत नागरिक समाजको समेत सहभागीता अभिवृद्धि गरी कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । यस

कार्यक्रम अन्तर्गत आधारभूत तथा प्राथमिक तहको शिक्षा निशुल्क गरी विद्यालय जानबाट वन्चिल बालबालिकाहरुलाई विद्यालय पुऱ्याउने लक्ष्य रहेको छ भने विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको स्कूल छाड्ने (Drop out) प्रवृत्ति घटाउने गरी कार्यक्रम सञ्चालन भई रहेको पाइयो । यस कार्यक्रम अन्तर्गत मुख्यत निम्न क्रियाकलापहरु सञ्चालित रहेका छन् ।

- Early Childhood Education and Development,
- Free basic education to all (free textbooks, admission fee, tuition fee, exam fee),
- Alternative provisions for basic education (Madarsa, Gumba and Gurukul and open school),
- Free secondary education to targeted group,
- Incentives for girls and targeted groups (scholarships, day meal),
- Capacity development at all level including professional development of teachers,
- Physical improvement of schools,
- Salary and non-salary grants to the schools

केही सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तर राम्रो, केहीको मध्यम र कतिपयहरुको गुणस्तर साह्रै न्यून रहेको देखिन्छ । खास गरी सहरी क्षेत्र, सुगम र पायक पर्ने क्षेत्रका सार्वजनिक विद्यालयहरुमा शिक्षकहरुको चाप बढि हुने हुँदा शिक्षक विद्यार्थी अनुपात कम रहेको भएतापनि दुर्गम र ग्रामीण भेगका अपायक पर्ने विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात अस्वभाविक रहेको देखिन्छ । केहि सामुदायिक विद्यालयहरुले शिक्षालाई प्रतिस्पर्धा वनाउन अंग्रजी मध्यममा पढाउन सुरु गरेको र कम्प्यूटर कक्षा समेत संचालन गर्न सुरु गरिएका पाइयो ।

सार्वजनिक विद्यालयहरुमा जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग र शिक्षा मन्त्रालयबाट हुनु पर्ने अनुगमन कार्य अत्यन्त फितलो र औपचारिकतामा मात्र सिमित रहने गरेको जनगुनासो स्थानीय स्तरमा पनि व्याप्त रहेको देखिन्छ ।

शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालनमा निम्नानुसार समस्या रहेको देखिन्छ ।

- बालविकास केन्द्रका लागि जिल्लाहरुमा जाने कोटा साह्रै न्यून र पारिश्रमिक समेत कम रहेको हुनाले कोटा वितरणमा समस्या रहेको छ । त्यस्तै बाल विकास केन्द्रमा शिक्षकको पारिश्रमिक ज्यादै न्यून रहेको हुनाले सो शिक्षा प्रभावकारी हुन सकेको छैन ।
- विद्यालयसम्म पाठ्यपुस्तकहरु समयमा पुग्न सकेको छैन ।
- कार्यक्रम बजेट समयमा प्राप्त नहुने र समय समयमा बजेट रोक्का हुने प्रवृत्तिले गर्दा कार्यक्रम सञ्चालनमा समस्या रहेको छ ।
- शिक्षक नियुक्तीमा समेत समस्या रहेको छ ।

- शिक्षा वितरणमूखी छ । यसलाई प्रतिफलमूखी प्रतिस्पर्धी तथा गुणस्तरयूत्त बनाउन केन्द्रबाटै प्रभावकारी भूमिका निर्वाह गर्न जरुरी छ ।
- छात्रवृत्तिको लागि विद्यार्थी संख्याको अनुपातमा वजेट कम हुँदा सरकारले तोकेको दर भन्दा कम दामासाहीले दिनु पर्ने अवस्था ।

**(ख) रोजगारीकालागि सीप परियोजना**

यस कार्यक्रम अन्तर्गत एशियाली विकास बैंकको सहयोगमा घरेलु तथा साना उद्योग कार्यालयहरु, घरेलु तथा साना उद्योग विकास समिति, श्रम विभाग, CTEVT लगायतका निजी तालीम प्रदायक संस्थाहरु समेतको साझेदारीमा उच्च शिक्षाका अवसरहरुबाट वञ्चित बेरोजगार युवा युवतिहरुलाई बजारमूखी छोटो अवधिको सिपमूलक तालीममा सहभागी गराई रोजगारउन्मुख बनाई सामाजिक, आर्थिक असमानताका साथै गरिबीलाई कम गराउने उद्देश्यले विभिन्न कार्यक्रमहरु सञ्चालन भई रहेका छन् । जस अन्तर्गत केन्द्रीयस्तरबाट ५२ हजार र समुदायबाट ९ हजार बेरोजगारहरुलाई छोटो अवधिको सीपमूलक तालीम उपलब्ध गराउने लक्ष्य रहेको छ । यस आयोजनाबाट सञ्चालित यस आर्थिक वर्षका क्रियाकलापहरुको सालाखाला समग्र प्रगति ६० प्रतिशत जति रहेको देखिन्छ । यस परियोजना अन्तर्गत तालीम लिएका प्रशिक्षार्थीहरुमध्ये (Paid and Self Employed) सालाखालारुपमा ७० देखि ७५ प्रतिशतसम्मले रोजगारी पाएको देखिन्छ । यस परियोजना कार्यान्वयनको सन्दर्भमा यो P1 मा वर्गिकरण गरिएको भएतापनि कार्यक्रम तथा बजेट स्वीकृतिमा ढिलाई हुने गरेको, Labour Market Information System को स्थापना र Employment Service Center को कार्यान्वयनमा समस्या रहेको, अनुगमन कार्य प्रभावकारी हुन नसकेको, तालीमप्राप्त प्रशिक्षार्थीहरु वैदेशिक रोजगारीका लागि कामदार माग गर्ने मुलुकहरुसँग प्रत्यक्ष समन्वय गर्ने प्रावधान नरहेको, वजार माग अनुरुप प्रतिस्पर्धा तथा दक्ष जनशक्ति उत्पादन गर्न नसकिएको हँदा लक्षित समूहको सामाजिक समावेशी सम्बन्धमा समेत समस्या रहेको जस्ता कुराहरु रहेको देखिन्छ ।

## ३.४. सिचाई, नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप

सिंचाई, नदि नियन्त्रण तथा जल उत्पन्न प्रकोप अन्तर्गत अनुगमनको दायरा भित्र समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र (सि.एम.आई.ए.एस.पी.), भूमिगत स्यालो ट्युववेल, मझौला सिचाई र नदी नियन्त्रण जस्ता कार्यक्रम रहेका थिए । पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सि.एम.आई.ए.एस.पी. कार्यक्रममा सुनसरी तथा मोरङ्ग जिल्लामा सञ्चालित कार्यक्रमहरुमा भुल्के सिंचाई, लोहन्द्रा दाताराम सिंचाई, देवीस्थान सिंचाई, नुनसरी उर्लाबारी राजघाट सिंचाई जस्ता सिंचाई आयोजनाहरु सञ्चालनमा रहेकामा सबै जसो सिंचाई आयोजनाहरुको निर्माण कार्य क्रमागत रुपमा भई रहेको देखिएतापनि निर्माण कार्यको प्रतिशत ढिलो गतिमा सञ्चालन भएको पाईयो । यी आयोजनाहरुमा जनसहभागीता न्यून रहेको र बजेट रकम समेत पर्याप्त नरहेको कारणले कार्यान्वयनमा ढिलाई हुने निश्चित प्राय: रहेको देखिन्छ ।

भूमिगत स्यालो ट्युववेल अर्न्तगत सिरहाको लहानमा डिभिजन कार्यालय स्थापना भई सिरहा, सप्तरी र उदयपुर जिल्लामा विभिन्न क्रियाकलापहरु सञ्चालन भएका छन् । यस कार्यक्रम अन्तर्गत थोरै लगानीमा साना समुदायलाई समेट्ने गरी सिंचाई कार्यक्रमहरु सञ्चालनमा रहेका देखिन्छन् । यस कार्यक्रम अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरुमा जनताको व्यापक सहभागीता रहने गरेको देखिन्छ । रु.६०/६५ हजारको लागतमा बोरिङ्ग गर्दा ४ विघा जग्गाहरु सिंचित हुने हुँदा खासगरी साना किसानहरुलाई यस कार्यक्रमले सहयोग पुग्ने गरेको देखियो तर विद्युतको पहुँच नभएको स्थानहरुमा कृषकहरु आफैंले जेनेरेटरको व्यवस्था गरी पानी निकाल्नुपर्ने र साना किसानहरुले जेनेरेटर खरिद गरी सञ्चालनमा ल्याउन समेत रकमको अभाव भई कठिनाई पर्ने कुराको साथै जेनेरेटरलाई ल्याउने लैजाने कार्यलाई समेत कठिनाई पर्ने हुँदा यस्ता कृषकहरुले विद्युतको पहुँच भएमा यस प्रवृत्तिबाट सिंचाई गर्न सजिलो हुने कुरा स्थलगत अनुगमनको क्रममा जानकारी हुन आयो ।

नदी नियन्त्रण कार्यतर्फ पूर्वाञ्चल विकास क्षेत्रका कन्काई नदीको पूर्वपश्चिम राजमार्ग नजिक भारतीय सहायतामा नदी नियन्त्रण कार्य सम्पन्न भई सयौं विघा जग्गा उकास गरिएको स्थलगत भ्रमणमा अवलोकन गरियो । यो नदी नियन्त्रण कार्यबाट कन्काई नदी आफ्नै मूलधारबाट बहने गरेको हुँदा पहिले कटान भई क्षति पुऱ्याएका गाउँहरु सुरक्षित रहेको देखिंदा यो कार्य निकै प्रभावकारी रहेको देखियो । कमला, खाँडो र लालबकैया नदीहरुमा पनि नदी नियन्त्रणको प्रारम्भिक कार्य शुरु हुन लागेको जानकारी सम्बन्धित निकायबाट प्राप्त हुन आएको छ । सप्तकोशी नदी नियन्त्रणको हकमा बाँध फुटेको ठाउँमा निर्माण कार्य सम्पन्न गरी पूर्ण रुपमा नियन्त्रण भई सकेको र कटान भएका क्षेत्रहरुमा जग्गा उकास र लेवलिङ्ग गरी खेती योग्य जमिनमा विकास गर्ने कार्य भई रहेको छ ।

**झापाको कन्काई नदिमा भारतीय सहयोगवाट सम्पन्न भएको नदि नियन्त्रणको एक झलक**



**समस्याहरु**

- जनशक्ति तथा सवारी साधनको अपर्याप्तता हुँदा योजनाको अनुगमन गर्न कठिनाई भएको ।
- मर्मत संभारमा वजेट न्यून भएको ।
- श्रोतको न्यून विनियोजन हुँदा क्षेत्रगत आयोजना सम्पन्न गर्न कठिनाई रहेको ।
- कृषकको माग अनुसार क्षेत्र विस्तार गर्न कठिनाई भएको ।
- सिचाई मन्त्रालय अन्तगर्तका केही आयोजनामा नेपाल सरकारले दातृ निकाय संग गरेको सम्झौता अनुरुप वजेट विनियोजन नहुँदा समस्या देखिन आयो ।
- ग्रामीण क्षेत्रमा विद्युत लाइन विस्तार गर्न नसकिएको कारणले किसानहरुलाई समस्या छ ।
- स्यालो तथा डिप ट्युवेल तर्फ वजेट कम विनियोजन हुँदा माग अनुरुप काम गर्न समस्या रहेको पाईयो
- मर्मत संभारको वजेट न्यून विनियोजन हुने गरेको छ ।
- ग्रामीण विद्युतीकरण नहुँदा डिप ट्युवेल तथा स्थालो ट्युवेल महंगो र झन्झटिलो भएको छ ।

सुझाव

- डिप ट्युवेल तथा स्थालो ट्युवेल को Per Capita लगानी कम भएको र साना किसानको लागि अति आवश्यकता भएको हुनाले नेपाल सरकारले यसमा वजेट रकम वढाउनु पर्ने देखिन्छ ।
- पुराना संरचना अद्यावधिक मर्मत संभारको लागि वजेट वढाउनु पर्ने देखिन्छ ।
- कृषि पकेट क्षेत्रमा विद्युतीकरणमा जोडदिनु पर्ने देखिन्छ ।
- जनशक्ति विकास तथा साधन सम्पन्न बनाउनु पर्ने देखिन्छ ।
- कन्काई तटवन्धलाई निरन्तरता दिन वजेटको व्यवस्था गर्नु पर्ने ।

**३.५. सडक, आवास तथा खानेपानी**

पूर्वाञ्चल क्षेत्रतर्फका सडक सम्बन्धी कार्यक्रमहरुमा हुलाकी राजमार्ग, धरान चतरा गाईघाट, बाढीजन्य क्षति पुनर्निर्माण आयोजना, मध्य पहाडी लोकमार्ग जस्ता सडक मार्गहरु अनुगमनका दायराभित्र रहेका थिए भने मध्यमाञ्चल क्षेत्रमा हुलाकी राजमार्गहरु, कटारी सिन्धुली हेटौडा सडक, काठमाण्डौं तराई मधेस द्रुतमार्ग जस्ता सडकहरु अनुगमनका दायरामा रहेका थिए । यस्तै आवासतर्फ दुवै विकास क्षेत्रका नमूना एकीकृत बस्ती विकास कार्यक्रमहरु र चितवन तथा मकवानपुर जिल्लाका सहरी तथा वातावरणीय सुधार आयोजनाहरु कार्यक्रमको दायरामा रहेका थिए ।

हुलाकी राजमार्गतर्फ मध्यमाञ्चलका बारा र पर्सा जिल्लाहरुमा पर्ने १४ वटा पुलहरुको ठेक्का सम्झौता भई सकेको पाइयो । यो कार्यमा बिरगंज ठोरी सडकको सडक क्षेत्रमा पर्ने जग्गा एकिन भई सकेको र जग्गा मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा पेश भई कार्यान्वयनको चरणमा रहेको जानकारीमा

आएको छ । बिरगंज उपमहानगरपालिकाको एरियामा युटिलिटी रिलोकेशनमा समय लाग्ने भएको हुँदा कार्य प्रारम्भ गर्न केही समस्या देखिएको छ । मनमात कलैया मर्टेवा सडकका लागि भारत सरकारद्वारा सहयोग प्राप्त हुने हुँदा ठेकेदार छनौट सम्बन्धी कार्य अघि बढेको जानकारी हुन आएको छ । यी कार्यहरुको कार्यान्वयनमा मुआब्जा सम्बन्धी कार्य मुख्य समस्याको रुपमा रहेको छ ।

कोशी नदीको पूर्वी तटबन्ध भत्काई क्षति पुऱ्याएको कार्यको पुनर्निर्माण सम्बन्धी कार्य एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भई रहेको पाईयो । यस कार्यका लागि हालसम्म ठेक्कापट्टा तर्फ जम्मा ११ प्याकेजको ठेक्का सम्झौता भई निर्माण कार्य भएको र उपभोक्ता तर्फ जम्मा ११ प्याकेजको कार्य भई रहेको देखियो । आयोजना सम्पन्न भई सकेपछि एउटा संरचनाको बनावट हुने, उपशाखा नहर तथा संरचना पुनर्निर्माण कार्य ७ कि.मी. हुने र भि.सी. तथा संरचना पुनर्निर्माण कार्य ३.६६ प्रतिशत हुने देखिएको छ । यो कार्यक्रम कार्यान्वयनमा निम्न समस्याहरु रहेका छन् ।

- बाढीजन्य स्थानमा निर्माण कार्य गर्दा बालुवा र जमिन मुनीको पानीले निर्माण कार्यमा बाधा पुगेको ।
- समयमा कार्यक्रम र बजेट प्राप्त नहुने र गरिसकिएको काममा एडिबीबाट समयमा सोधभर्ना प्राप्त नहुने ।
- बाढीपिडित र जलउपभोक्ताहरुबीच समन्वय नहुँदा काममा रोकावट हुने गरेको ।
- विभिन्न पार्टीहरुको बिचमा समन्वय नहुँदा काममा रोकावट आउने गरेको ।
- समयसमयमा बढी वर्षा भएको कारणले समेत समस्या परेको ।

## काठमाडौं तराई Fast Track

काठमाण्डौं तराई द्रुत मार्ग तर्फ आ.व. ०६६/०६७ को बजेट बक्तव्यमा, “ठेक्का बन्दोबस्ती नहुन्जेल नेपाली सेनाले ट्र्याक खोल्ने काम गर्नेछ” भन्ने उल्लेख भए अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालय र नेपाली सेनाले गर्ने समय तालिका सहितको कार्य बिबरण बिस्तृत रुपमा तयार गरी सम्भावित ठाउँहरुमा पाईलट ट्र्याक खोल्ने कार्य नेपाली सेनाले सडक निर्माण शुरु गरेको छ । यस कार्यका लागि माननीय भौतिक योजना तथा निर्माण मन्त्रीज्यूको अध्यक्षतामा सात सदस्यीय समिति निर्माण भई कार्यान्वयनको क्रममा रहेको छ । यस मार्गले काठमाडौंलाई हेटौंडा, निजगढ, बिरगन्ज शहरसंग जोड्दछ । निजगणमा प्रस्तावित अन्तराष्ट्रिय एयरपोर्ट, बीरगञ्जको ड्राइपोर्ट, धरान चतराबाट हेटौंडा आउने सडकलाई समेत जोड्ने काम गर्दछ । यसको कूल लम्बाई ७५.९४ कि.मी. रहेको ६ । यस अन्तर्गत ललितपुरमा ७.९ कि.मी., काठमाण्डौंमा ४ कि.मी., मकवानपुरमा ५६.३५ कि.मी. र बारामा ७.६९ कि.मी सडक खण्ड रहेको छ जस मध्ये १.३५ कि.मी. सुरुङ्ग खण्ड समेत रहेको देखिन्छ । आ.व.२०६६/०६७ मा १९.५ कि.मी. र आ.व.२०६७/०६८ मा ११ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको देखिन्छ । यो आयोजना कार्यान्वयनका सम्बन्धमा मुख्यत निम्न समस्याहरु रहेका छन् ।

- Fast Track को Corridor मा पर्ने घरजग्गाको मुआव्जा हालसम्म बितरण भएको छैन । स्थानिय जग्गा वालाहरुले मुआब्जा तथा क्षतिपुर्ति नपाएसम्म सडक निर्माण गर्न नदिने भनी अबरोध गर्दै आएका छन् ।
- सडक निर्माणको क्रममा माटो खन्दा निस्केको ढुंगा, माटो बगी Right of Way भन्दा बाहिरको घरजग्गामा परी बालिनाली नोक्सान भएकोले सो समेत क्षतिपूर्ति पाउनु पर्ने माग सम्बन्धित जग्गाधनीहरुको छ ।
- Four Lane (अर्को चरण) को सडक निर्माण गर्दा र साइड स्लोप कटिने गर्दा थप रुखहरु कटान गर्नु पर्ने आवश्यकता भएकोले यथा शिघ्र सर्भे गरी पुन रुख कटानको स्विकृत गर्नुपर्ने देखिन्छ ।
- By Pass र Service Track : यस Fast Track मा पर्ने विभिन्न खोलानालाहरुमा पक्की पुल निर्माण नभएसम्म निर्माण सामाग्रीहरुको ओसार पसारको लागी By Pass/Service Track निर्माण गर्नुपर्ने हुन्छ, जसले गर्दा जग्गाको मुअब्जा, रुख कटान र By Pass/Service Track निर्माणको लागि थप आर्थिक व्ययभार पर्ने देखिन्छ ।

**समस्याहरु**

१. Fast Track को Corridor मा पर्ने जग्गाहरुमा जग्गा धनी पूर्जा भएको निजी, ऐलानी र सरकारी गरी तिन प्रकारका रहेका छन् । धेरै जसो जग्गाहरु व्यक्तिको नाममा दर्ता नभएको तर धेरै वर्ष देखि उक्त जग्गामा बसोबास तथा खेतीपाति गरी भोगचलन गर्दै आएका छैन । Fast Track को Corridor मा पर्ने घरजग्गाको मुआब्जा हालसम्म वितरण भएको छैन । स्थानीय जग्गा वालाहरुले मुआब्जा तथा क्षतिपूर्ति नपाएसम्म सडक निर्माण गर्न नदिने भनी अवरोध गर्दै आएका देखिन्छ् ।

२. निजी जग्गा धनीहरुको साथसाथै ऐलानी जग्गावालाहरुले पनि मुआब्जाको माग गरिरहेको जानकारीमा आएको छ ।
३. घर, गोठ, रुख, बगैंचा, पानी, घट्टो, कुवा, खानेपानी वितरण लाइन आदिको लागि पनि मुआब्जा माग भइ आएको छ ।
४. सडक निर्माणको क्रममा माटो खन्दा निस्केको ढुङ्गा माटो वगी Right of Way भन्दा वहिरको घरजग्गामा परी वालीनाली नोक्सान भएकोले सो समेत क्षेतीपूर्ति पाउनु पर्ने माग सम्बन्धित जग्गा धनीहरुको छ ।

Fast track पर्ने निजी जग्गाहरुको मुआब्जा, ऐलानी जग्गा तथा बालीनालीको क्षेतीपूर्ति वितरण गरि जग्गा अधिकरण गर्ने कार्य समयमा सम्पन्न गर्न सकेमा आगामी आर्थिक वर्षमा Track Opening कार्य सम्पन्न गर्न सकिने देखिन्छ ।

Fast track निर्माणका केही झलकहरु









 

**<u>नमूना एकिकृत बस्ती</u>**

नमूना एकिकृत बस्तीतर्फ जनताआवास कार्यक्रम अन्तर्गत पूर्वाञ्चलको सप्तरी र सिरहा अन्तर्गत तथा मध्यमाञ्चलको मकवानपुर, चितवन र धादिङ्ग जिल्लामा कार्यक्रमहरु सञ्चलानमा रहेका छन् । क्रमागत रुपमा आर्थिक वर्ष २०६६/०६७ मा सिरहा जिल्लामा ८४७ वटा र सप्तरीमा १ वटा कार्यक्रम रहेको थियो भने यस आ.व.मा सिरहामा ४४४ वटा र सप्तरीमा ३४७ आवास निर्माण कार्य गर्ने गरी कार्यहरु भई रहेको देखिन्छ । यस कार्यक्रमको कार्यान्वयनमा निम्न समस्याहरु रहेको पाइयो ।

- गत आ.व.मा निवेदन परेका मध्ये बाँकी आवेदनलाई समेट्ने गरी कार्यक्रम स्वीकृत हुन नसकेकोले लाभग्राहीमा असन्तुष्टि ।
- क्रमागत कार्यक्रममा पेश्की फछ्र्यौटमा उदासिनता ।
- लाभग्राहीहरु समिति र व्यक्तिबाट पिडित भएको गुनासो व्यवस्थापनमा कार्यालयको अत्याधिक समय खर्च हुने गरेको ।
- वास्तविक लाभग्राही छनौटमा स्थानीय लाभग्राहीको भूमिका र जिम्मेवारी अस्पष्ट रहेको ।
- लाभग्राहीको चेतनास्तर र कार्यक्रमगत प्राविधिक विषय सग तालमेल नरहेको ।
- आवास सँगै खानेपानी र चर्पीको न्यूनतम सूविधा समावेश नभएको ।

सप्तरिको कल्याणपुरमा दलितका लागि निर्माण भएको जनता आवास



## ३.६ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत वन विभाग  भू-संरक्षण विभाग र वनस्पति विभागतर्फका मातहतका निकायहरुबाट पूर्वाञ्चलको सिरहा, सप्तरी, उदयपुर, सुनसरी, मोरङ्ग, झापा जिल्लाहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन भई रहेको पाइयो भने मध्यमाञ्चलको धनुषा, रौतहट, बारा, मकवानपुर र चितवनमा कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत सञ्चालित मुख्य मुख्य क्रियाकलापहरु निम्नानुसार रहेका छन्

- जिल्लाको चुरे संरक्षण तथा वन व्यवस्थापन रणनीति तथा कार्यान्वयन योजना तयारी
- चुरे क्षेत्रमा सिमित उपयोगको अवधारणामा रही हरित AAC पुर्णरुपमा हटाई संरक्षणमुखी कार्ययोजना तयार गर्न सहजीकरण
- जैविक, वातावरणीय एवं भूस्वखलनका हिसावले संवेदनशिल रहेका सरकारी वन क्षेत्रमा तारबार र हेरालु सहितको पुर्नउत्पादन संरक्षण कार्यक्रम
- कार्ययोजना निमार्ण, अनुगमन तथा समन्वय
- अतिक्रमित वनक्षेत्र खाली गरी वृक्षारोपण गर्ने तथा अन्य सरकारी नाङ्गो वनमा वृक्षारोपण गरी वन पुनर्स्थापना गर्ने
- अवैध कटानी तथा चोरी शिकार नियन्त्रण कार्यक्रम
- नर्सरी निर्माण, विरुवा उत्पादन, विरुवा खरिद, विरुवा वितरण, घाँस बिउ वितरण

चुरे क्षेत्रको संरक्षण संवन्धि भएका कार्यको झलक




यो कार्यक्रम कार्यान्वयनको लागि अख्तियारी तथा कार्यक्रम ढिलो स्वीकृति भएको, माथिल्लो तटीय जलाधार क्षेत्रमा जनसहभागीता र जनश्रमदानको सम्भावना नगन्य रहेको, दरबन्दी अनुसारको पदपूर्ति नभएको र कार्यक्रम सञ्चालनका लागि सञ्चालन तथा व्यवस्थापन खर्च समेत नरहेको कारणले गर्दा कार्यक्रम सञ्चालनमा केही समस्या रहेको देखिन्छ । स्थलगत अनुगमनको क्रममा पूर्वाञ्चलको सिरहा जिल्ला र मध्यमाञ्चलको सिन्धुली जिल्लामा सञ्चालित वृक्षारोपण र नर्सरी क्षेत्रको समेत अवलोकन गरिएको थियो । कार्यक्रम कार्यान्वयन सम्बन्धी स्पष्ट रुपमा निर्देशित गर्ने निर्देशिकाका साथै बजेट र कार्यक्रम समयमानै कार्यस्थलमा पुग्ने हो भने चुरे क्षेत्रको संरक्षणको लागि वृक्षारोपण लगायतका कार्यहरुमा समयमानै सम्पन्न भई चुरे क्षेत्रको संरक्षण कार्यमा सहयोग पुग्न जाने देखिन्छ । संरक्षण कालागि अतिक्रमण हटाउने, ढुङ्गा गिट्टीका समस्या, तल्लो भेगका जनतालाई संवोधन गर्ने कार्यक्रम समावेस नभएकोले कार्याक्रम कार्यान्वयनमा समस्या परेको देखियो । चुरे क्षेत्रको विकासमा विभिन्न क्षेत्रगत निकाय र दातृनिकाय तथा गैसरकारी संस्थामा समेत चासो भएको हुनाले गुरुयोजना तयार गरी एकिवद्ध रुपमा कार्य गर्नुपर्ने देखिन्छ ।

## ३.७ कृषि विकास तथा पशुपालन

पूर्वाञ्चल र मध्यञ्चलमा कृषिका परम्परागत कार्यक्रम वाहेक निम्न महत्वपूर्ण कार्यक्रमहरु संचालनमा रहेको पाइयो ।

- ११ जिल्लाहरुमा व्यवसायिक कृषि विकास आयोजना संचालन रहेको (CADP)
- कोशी बाढी प्रभावित क्षेत्रमा नगदे वाली विकास कार्यक्रम (उखु र तरकारी) संचालनमा रहेको

- प्याज मिसन कार्यक्रम

उल्लेखित कार्यक्रमहरु मध्य CADP ले व्यवसायिक खेतिको अवधारणा व्यवसायिक अर्ध-व्यवसायिक र सिमान्त कृषकहरु विच व्यापक बनाएको, कोशी वाढी पूनर्स्थापना कार्यक्रमवाट सुनसरी जिल्लामा ८०० हेक्टर वालुवाले पुरेको जमिनलाई सम्माइ २५२ हेक्टर जमिनमा उखु र केरा खेती गरिएको र ३५ हेक्टरमा आँप बगैंचा लगाउन तयार गरिएको पाइयो । उखु खेतीको सफलताले कृषिहरु निक्कै उत्साहित देखिए । कृषि तथा पशुपालन अन्तर्गत मध्यमाञ्चलमा संचालनमा रहेका कार्यक्रमहरु निम्न अनुसार छन्

खाद्य सहायता कार्यक्रम (EC/FAO को सहयोग)

- व्यवसायिक कृषि तथा व्यापार आयोजना (विश्व बैंकको सहयोग)
- एक गाउँ एक बाली कार्यक्रम

उल्लेखित कार्यक्रम मध्ये खाद्य सहायता कार्यक्रम विगत १८ महिना देखी सिन्धुली जिल्लामा संचालित रहेका तालीम, आधुनिक खेती, कृषि पूर्वाधारको निर्माणबाट विपन्न कृषकको जीवनस्तर उकास्ने कार्य भएको । यसबाट ६,१४८ घरधुरी लाभान्वित भै रहेका छन् ।

कृषि व्यवसायिकीकरणको लागि अनुदान पाएका तर चैत्र २०६७ मा मात्र निर्णय भई कतिपयले पहिलो किस्ता सम्म नपाएको कारणले कार्यान्वयनको अवस्था प्रारम्भिक अवस्थामा रहेको पाईयो ।

एक गाउँ एक बाली अन्तरगत जुनार कार्यक्रम सिन्धुलीमा ज्यादै सफल भएको र यो वर्ष मात्र २१ करोड बराबरको जुनार सिन्धुलीबाट बिक्री भएको जानकारी जिल्ला कृषि विकास कार्यालयबाट प्राप्त भएको छ ।

***सप्तरि जिल्लाको रुपनि नजिक महिला उपभोक्ताबाट कृषि कार्यकालागि संचालित स्यालो ट्युववेल***



मकवानपुर जिल्ला कृषि कार्यालय विशेष कार्यक्रममा नपरेको र सिंचाई र कृषिलाई समन्वय गरेर लैजानु पर्ने, सिन्धुलीमा जुनारको Cold Store मा व्यवस्था र व्यवस्थित बजारको निर्माण तथा संभावना अनुसार जुनार खेती विस्तार गरिनु पर्ने र बजारसँग पकेट एरिया जोडिनु पर्ने बारेमा छलफल गरिएको थियो ।

कार्यक्रम कार्यान्वयनमा मुख्यत निम्न  समस्याहरु देखिएका छन्

व्यवसायिक कृषि विकास आयोजनाः यस आयोजनामा Commercial Agriculture Alliance (CAA) गरिएको अनुदान रकम वितरण अपेक्षित रुपमा हुन सकेको छैन भने अर्ध व्यवसायिक र सिमान्त कृषकहरु सँग CAA को अनुदानमा आजसम्म पहुँच पुगेको छैन । प्रयाप्त वजेटको अभावमा सवै जग्गा लेवलिङ्ग गर्न नसकिएको र कृषक वाट सवैमा जग्गामा एकै पटक लेवलिङ्ग गर्ने कार्य दवाव आएको । खास गरी लेवलिङ्ग गरेको जग्गामा उखु लगायत अन्य नगदे बालीको सफल खेतिबाट जग्गाको लेवलिङ्ग छिट्टै गरिदिनु पर्ने अवस्था देखिएको छ ।

**सुझावहरु :**

व्यवसायिक कृषि विकास आयोजनाः परियोजनाको सिमित अवधी र लगानी रकमको ठूलो हिस्सा वाँकि रहेको सन्दर्भमा पुराना र व्यवसायिकरण प्रकृयाको हिसावले उत्कृष्ट अर्ध व्यवसायिक र सिमान्त समूहहरुलाई CAA मा आवद्ध गरी अनुदान सहयोग उपलब्ध गराउन पर्ने देखिन्छ ।

कोशी पूनर्स्थापना कार्यक्रमः लेवलिङ्ग र नगदे वाली विकास कार्यक्रम ज्यादै प्रभावकारी भएकोले वाढी वाट प्रभावित सवै जग्गालाई लेवलिङ्ग गर्न प्रयाप्त वजेट (रु २० करोड) विनियोजन हुनु पर्ने देखिन्छ ।

## ३.८ विविध कार्यक्रम

### गरिवी निवारण कोष

लक्षित कार्यक्रम संचालन गरी नेपाल सरकारको गरीबी निबारणका लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउन,नेपाल सरकारको दिर्घकालिन लक्ष्य अनुसार २० वर्षको अवधिमा गरीबीको स्तरलाई १० प्रतिशतमा झार्ने तथा सहश्राब्दी विकास लक्ष्यले निर्धारण गरेअनुरुप सन् २०१५ सम्ममा गरीबी आधा घटाउने उद्देश्यले स्थापित गरिवी निवारण कोषले गरेको मध्यमांचलका केही जिल्लाको जिल्लागत कार्यक्रम कार्यान्वयनको अवस्था निम्न अनुसार रहेको देखियो ।

| जिल्ला | कार्यक्रम शुरुवात भएको आ.व. | कार्यक्रम संचालन भएको गाविस( जम्मा गा.वि.स) | सहयोगी संस्था संख्या | दर्ता भएका सा.स संख्या | सा. स संग भएको संझौता संख्या |
|---|---|---|---|---|---|
| बारा | २०६६ | ४४ (९९) | १३ | ६७ | ४२ |
| रौतहट | २०६३ | ५५ (९७) | ९ | १,१६७ | १,१४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| धनुषा | २०६६ | ५१(१०२) | १४ | ३२ | ३२ |
| चितवन | २०६३ | ७(३८) | १ | ४७ | ८० |
| धादिङ्ग | २०६३ | २२(५०) | ८ | १३८ | १६० |
| मकवानपूर | २०६३ | १८(४४) | २ | १११ | १०५ |

**संचालित कृयाकलापका केही झलक**






- केही भुमिहिन किसानले हाल जग्गा भाडामा लिई तरकारी उत्पादन गरी राम्रो आम्दानी गरेका छन्
- खेर गईरहेको खोरिया जग्गामा केरा, अम्रिसो लगाई आम्दानी बढेको छ।
- ग्रामिण सडकले उत्पादित वस्तुहको छिटो वजारमा पँहच पुगेकोछ ।
- सिचाईको प्रयोगले तरकारी उत्पादनमा बृदि भएको छ ।
- सामुदायिक संस्थामा घुम्तिकोषको स्थापना भई गरिवहरुको विभिन्न आयआर्जनमा सहयोग पुगेको छ ।
- विकाश निमार्णमा दिलित , जनजाति र महिलाको नेतृत्वदायि भुमिका खेलेको र अझ बढि शसक्त हुदै गएको देखिन्छ ।

**समस्याहरु**

कार्यक्रमको coverage कम हुनु, कार्यक्रम प्रति जनताको अधिक्तम आसा हुनु योजना तर्जुमा तथा कार्यान्वयनमा सहभागीत्मक योजना तर्जुमा प्रक्रियाको (स्थानीय स्वायत्त सासन ऐन २०५५ अनुसार) अनुसरण नगरिने भएकोले स्थानीय तहमा कार्यक्रम प्रतिको अपनत्व नहुनु, कार्यक्रम समाप्ती पछि यसको दिगोपनाको लागि सस्थागत प्रयाप्त नभइ संरक्षक विहिनको अवस्था हुनु, कोषको कार्यशैली प्रति जिविस गाविसहरुले सन्तोष जनक नहुनु जस्ता समस्याहरु विध्यमान छन् । साथै Pro-poor वर्गमा PAF कार्यक्रम प्रभावकारी हुन नसकेको महशुस गरिएको छ ।

**स्थलगत अनुगमनबाट देखिएका मूख्य मूख्य समस्याः** दुवै विकास क्षेत्रका उक्त क्षेत्रका छानिएका कार्यकम आयोजनाहरुको स्थलगत अनुगमनबाट देखिएका समस्याहरुलाई विकास निर्माण र भौतिक पूर्वाधार र स्वास्थ्य,शिक्षा लगायत अन्य सामाजिक क्षेत्रमा वर्गिकरण गर्दा निम्न अनुसार देखिएको छ

**विकास निर्माण र भौतिक पूर्वाधार तर्फ**

- समयमा वजेट कार्याकम स्विकृति नहुने र अख्तियारी नपुग्ने समस्या छ ।
- ठेक्का पट्टामा मुद्रे संस्कृतिले समस्या छ ।
- शान्तिसुरक्षा र चन्दा आतंकको समस्याछ ।

- स्थानीय निकायमा जनप्रतिनिधि नहुदा स्थानिय  स्तरका विकास कृयाकलाप संचालन गर्न समस्या छ ।
- कार्यक्रम संचालनमा स्थानिय र केन्द्रीय तहमा समेत समन्वयमा समस्या छ ।
- खास गरी स्थानीय तहमा संचालन भएका आयोजनाहरुमा योजना भागवण्डा र रकम छर्ने प्रवृतिले  गर्दा रकमको दुरुपयोग भएको जनगुनासो छ ।
- स्थानीय निकायलाई जाने विकास अनुदानको रकम र उनिहरुको आन्तरिक आयको अधिकांश रकम वाटा घाटा वनाउने काममा खर्च भएको छ ।
- रकम खर्च गर्दा वातावरणीय प्रभाव,वनविनास,भूसंरक्षण तथा दिगोपनालाई नहेरीनाले गर्दा भविष्यमा ठूलो समस्या आईपर्ने निश्चित  छ ।
- उपभोक्ता समितिमा टाठावाठा र राजनैतिक पहुचवालाको वोलवालाको  गुनासोछ ।
- शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत निर्माण गरिएका कतिपय आयोजनाहरुको लागत अत्याधिक रहेको छ (उदाहरणकालागि धनगढिमा निर्माण भएको भन्सार कार्यालयको लागत ७ करोड भन्दा वढि ) ।
- कतिपय अवस्थामा द्वन्दबाट क्षति भएका संरचनामा सवभन्दा पहिले प्राथमिकता पाई निर्माण हुनु पर्नेमा विविध कारणबाट निर्माण हुन नसकि कम प्राथमिकतामा परेका र द्वन्दबाट प्रभावितनै नरहेकाको हकमा पनि प्राथमिकतामा परि निर्माण भएको देखिन्छ ।
- आर्थिक वर्षको अन्तमा विभिन्न कारणबाट स्थानीय तहमा कार्यक्रम कायान्वयन गर्न सक्ने क्षमता र संयन्त्र नहुदा नहुदै पनि Un Funded रुपमा ठूलो रकम जानाले समस्या माथि अर्को समस्या थपिएको छ ।
- कर्णाली कटान रोक्न Master Plan वनाई  यथासक्य चाडो काम नथालीएमा  नदि कटानको समस्या छ  ।
- स्थानीय स्तरमा हुने धेरैजसो काममा डोजर लगायत ठूला मेशिनको प्रयोगले गर्दा एकातर्फ स्थानीय तहमा वेरोजगारीको समस्या हुने र अर्को तर्फ वातावरणीय समस्या छ । म्यानुअल रुपमा काम गर्ने भनी ल.ई तयार हुने तर मेशिनको प्रयोग गरी काम हुदा आर्थिक अनियमितता पनि त्यतिकै  रहेको जनगुनासोछ ।
- कतिपय आयोजनाहरुमा रकमको अभाव रहेको छ भने कतिपयमा रकम खर्च गर्न नसकि त्यसै परिरहेकोछ ।
- तालुक निकायबाट हुने अनुगमन प्रणली एकदमै फितलो र औपचारिकता निर्वाह गर्ने खालको मात्र छ ।

**स्वास्थ्य,शिक्षा  लगायत अन्य सामाजिक क्षेत्र तर्फ**

- स्वास्थ्य तर्फ खासगरी दुर्गम भेगमा दरवन्दि अनुसार चिकित्सक नरहने समस्या छ ।

- वजेट तथा कार्यक्रम समयमा स्विकृत नहुने र अख्तियारी समयमा नजानाले कार्यक्रम कार्यान्वयनमा समस्या छ ।
- विभिन्न कारणबाट स्वीकृत वजेट तथा कार्यक्रम अनुसारको रकम पनि निकाशामा समस्या छ ।
- पर्याप्तमात्रामा र समयमा औषधि आपूर्ति नहुने समस्या छ ।
- खास गरी सहरी क्षेत्र, सुगम र पायक पर्ने क्षेत्रका सार्वजनिक विद्यालयहरुमा शिक्षकहरुको चाप बढि हुने हुँदा शिक्षक विद्यार्थी अनुपात कम रहेको भएतापनि दुर्गम र ग्रामीण भेगका अपायक पर्ने विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात अस्वभाविक रहेको देखिन्छ ।
- सार्वजनिक विद्यालयहरुमा जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग र शिक्षा मन्त्रालयबाट हुनु पर्ने अनुगमन कार्य अत्यन्त फितलो र औपचारिकतामा मात्र सिमित रहने गरेको देखिन्छ ।
- बालविकास केन्द्रका लागि जिल्लाहरुमा जाने कोटा सार्है न्यून रहेको हुँदा कोटा वितरणमा समस्या रहेको छ ।
- विद्यालयसम्म पाठ्यपुस्तकहरु समयमा नपुग्ने र अंग्रीजी भाषाका पुस्तक खरिद गर्न रकमको अभाव छ ।
- शिक्षक नियुक्तीमा समेत समस्या रहेको छ ।
- शिक्षा वितरणमूखी रहेको गुनासो जनस्तरमा छ ।
- महिला विकासतर्फ महिला सहकारीका निम्ति भवन निर्माण गर्न विनियोजित रकम अत्यन्तै न्यून छ ।

**हेटौडामा भएको मध्यमाञ्चल क्षेत्रको प्रगति समिक्षा समापनको एक झलक**



## ४. क्षेत्रगत समस्या र समाधानका उपायहरु

| क्षेत्र | समस्या | समाधानका उपायहरु |
|---|---|---|
| १. जिविस | • विषयगत कार्यालय र जिविसको योजनामा तालमेलमा अभाव ।<br>• वजेट र कार्यान्वयन अवधिमा सामान्जस्यता नहुनु ।<br>• स्थानिय सरकारको अभावमा गाविस सचिवले नीजि खातामा सामाजिक वजेटको रकम राखी चलाउने प्रवृति | • सरकारवाट तालमेल र समन्वयको व्यवस्थापन गर्ने<br>• वैंक वाट रकम परिचालन गर्ने व्यवस्था गर्ने |
| २.महिला/बालबालिका | • कार्यक्रमहरुको मागको आधारमा सिमित वजेट<br>• जनशक्ति र सवारी साधनको अभाव<br>• महिला सहकारीलाई भवन वनाउन दिएको रकम रु १ लाख ज्यादै न्यून<br>• द्वन्द्धमा परेका बालबालिकाको लागि कार्यक्रम नभएको । | • कार्यक्रमको प्रभावकारीतानुसार वजेट वढाउनु र कतिपय कार्यक्रममा जिविस सँग आवद्ध गराउनु पर्ने ।<br>• एक महिला परिचालिकाको व्यवस्था हरेक महिला विकास कार्यालयमा गर्नु पर्ने ।<br>• महिला सहकारी भवनलाई न्यूनतम रु ५ लाख वजेट दिर्नुपर्ने ।<br>• द्वन्द्ध पिडित बालबालिकाको संरक्षण सम्वर्दन गर्ने कार्यक्रम राख्नु पर्ने । |
| ३. वन तथा भूसंरक्षण | • "मानव रहित कि मानव सहित संरक्षण" भन्ने विवाद<br>• उपल्लो क्षेत्र/तल्लो क्षेत्रको समावेशीकरण | • मानव सहित तल्लो भेगका जनताको लागि समेत कार्यक्रम तर्जुमा गर्ने<br>• मन्त्रालय स्तरवाट वन विभाग र |

| | | |
|---|---|---|
| | • चुरे क्षेत्रमा हरियो रुख काट्न नपाउने भन्ने नीतिमा FECOFUN मा असहमति र जनसहभागीतामा प्रश्न<br>• राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको Design र कार्यान्वयन मा वन विभाग र भूसंरक्षण विच समन्वयको अभाव, वन संरक्षण कार्यक्रमको अभाव<br>• चुरे क्षेत्रमा आश्रित जनताको लागि कार्यक्रमको अभाव<br>• वनमा व्यक्तिगत र संस्थागत अधिक्रमण | भूसंरक्षण विभाग अन्तर्गत राष्ट्रपति चुरे संरक्षण कार्यालयहरुमा कार्यक्रम तर्जुमा कार्यान्वयनमा समन्वय गर्ने<br>• एकिकृत चुरे संरक्षण अवधारणा लागु गर्ने<br>• वनलाई "अतिक्रमण निषेधित क्षेत्र" को रुपमा धोषणा गर्ने । |
| ४.शिक्षा | • जनसंख्याको चाप अनुसार कार्यक्रम र वजेट अपर्याप्त<br>• छात्रवृति कार्यक्रम र रकम कम आउँदा तोकिएको दर भन्दा कम ले छात्रवृति दिनु पर्ने वाध्यता<br>• विद्यालय र विद्यार्थीको संख्या वृद्धि हुँदा पनि शिक्षामा दरवन्दी पुरानै (Teacher Management)<br>• Quality Education दिन नसकिएको र साक्षरता अभियानमा Expected Result नआएको<br>• अनिवार्य शिक्षा नारामा सिमित दायित्व कस्को ? (अभिवाभकहरु वा सरकार)<br>• पाठ्य पुस्तक समयमा प्राप्त नहुने र पर्याप्त नहुने ।<br>• रोजगारी मुलक शिक्षाको सम्वन्धमा शिक्षा र घरेलु उद्योग | • जनसंख्यामा चाप, अनुसार कार्यक्रम र वजेट को व्यवस्था गर्ने (यस सम्वन्धमा स्थानिय मन्त्रालयको सूचक अपनाउनु उपयुक्त)<br>• तोकेअनुसार छात्रवृतिको रकम विद्यार्थीको संख्यानुसार दिने व्यवस्था<br>• विद्यालय र स्कुल संख्याको अनुसार शिक्षक दरवन्दी<br>• प्रभावकारी मूल्यांकन तथा अनुगमन<br>• प्रभावकारी मूल्यांकन तथा अनुगमन<br>• Timely & Adequate supply of Books<br>• समन्वयको विकास |

| | | |
|---|---|---|
| | विच समन्वयको अभाव<br>● रोजगारी मुलक शिक्षामा कुल वजेटको ७% मात्र खर्च । | ● रोजगारी मूलक शिक्षामा वढी लगानी गर्ने |
| ५. कृषि | ● कोशी वाढीपिडित क्षेत्रमा जग्गा Leveling को लागि अपर्याप्त वजेट<br>● व्यवसायिक कृषि विकास आयोजनामा लगानी न्यून, लगानी गरेमा कार्यक्रमको कार्य प्रगति सुस्त र अर्ध व्यवसायिक समूहलाई CAA को सदस्यता मा ढिलाई ।<br>● कृषि व्यवसायिक तथा व्यापार आयोजना कार्य प्रारम्भीक चरणमा न्यून जिल्ला समावेश<br>● सिन्धुली जिल्लाका जुनार को संभाव्यतानुसार खेती विस्तार नभएको<br>● जुनार Processing Plant को आवश्यकता<br>● प्याज मिसन कार्यक्रमको प्रगति अपेक्षित भन्दा न्यून<br>● कृषि र सिंचाईको समन्वयको अभाव | ● जग्गा Leveling को ज्यादै Demand र उखु खेतीको सफलताले गर्दा Leveling को लागि पर्याप्त वजेट रु २० करोडको व्यवस्था गनुपर्ने<br>● व्यवसायिक कृषि विकास आयोजना अवधि १.५ वर्ष वाँकी ५ झण्डै ३२ करोड लगानी गर्न वाँकी भएको सन्दर्भमा अर्ध व्यवसायिक का उत्कृष्ट समूहलाई पनि CAA को सदस्य वनाई लगानी वढाउने ।<br>● लगानी परियोजनाको कार्य प्रगति कम भएको सन्दर्भमा प्रभावकारी अनुगमन गर्ने ।<br>● कृषि व्यवसायिक तथा व्यापार आयोजनाको किस्ता समयमा नआइ काम ढिलो भएको सन्दर्भमा समयमै निकासा गरी कार्यान्वयनमा तीव्रता ल्याउने । मागको आधारमा जिल्लाको व्यवसायिकरणको संभाव्यता अध्ययन गर्ने ।<br>● जुनारको व्यवसायिकरण कार्यक्रम र Processing Plant स्थापना कार्यक्रम समावेश गर्ने ।<br>● प्याज मिसन कार्यक्रमलाई अझ व्यापक र प्रभावकारी वनाउनु पर्ने ।<br>● सिंचाई कार्यक्रमलाई कृषि सँग समन्वय गरेर लैजानु पर्ने । |
| ६.सिंचाई | ● कृषकको माग अनुसार | ● तराईको सुख्खा क्षेत्र र साना |

| | | |
|---|---|---|
| | Shallow Tube well जडान ज्यादै न्यून<br>• Shallow Tube Well लाई APP अन्तर्गत Electricity Pump को व्यवस्था भएकोमा हाल जडान Pump मा सो नभएको<br>• कृषि र सिंचाईका वीच समन्वयको अभाव<br>• सतह सिंचाई मा कर उठाउने समस्या<br>• मझौला सतह सिंचाईमा जनसहभागिता (८-१०%) उठाउन समस्या<br>• Deep Boring मा वजेट कम | तथा मध्यम किसानको लागि Shallow Tubewell प्रभावकारी पाइएको हुँदा यसमा वजेट वढाई मागको न्यूनतम ५०% पूर्ति गर्ने लक्ष्य राख्ने ।<br>• Shallow Tube Well जडान भएका क्षेत्रमा विद्युत विस्तार गर्ने ।<br>• कृषि र सिंचाई वीच समन्वय गरी कार्यक्रम संचालन गर्ने ।<br>• सिंचाई कर उठाउने वारे जग्गाको मालपोत कर सँग आवद्ध गराउने ।<br>• एउटा Deep Boring लाई कम्तीमा ६०-६५ लाख वजेट विनियोजन हुनुपर्ने । |
| ७.जनताको आवास | • पहिलो चरणको कार्यक्रममा लक्षित ढंगले आवास कार्यक्रम वाट फाइदा पाउन नसकेको<br>• साविक बासोवास गरे ठाउँ भन्दा टाढा वनाइएका आवासमा मानिस नवस्ने प्रवृति<br>• आवास सँगै न्यूनतम खानेपानी र चर्पीको सूविधा नभएको<br>• ज्यादै गरीव वर्ग भएकाले दैनिक रोजगारीमा वाँच्नु पर्ने हुँदा सहभागीतामा समस्या | • छनोट विधिमा त्रृटि भएकोले आवास र स्थानीय निकायको संयुक्त टोलीवाट छानवीन हुनु पर्ने ।<br>• सरोकारवाला सँग छलफल गरी उनीहरुलाई पायक पर्ने ठाउँमा आवास वनाउने ।<br>• आवासमा खानेपानी र चर्पीको सूविधा आवद्ध गरिनु पर्ने ।<br>• न्यूनतम ज्यालाको केही प्रतिशत दिएर सहभागी गराउनु पर्ने । |
| ८.पुर्नस्थापना (शान्तिमन्त्रालय) | • काम ज्यादै कम भएको र अत्यावश्यक द्वन्द्ववाट प्रभावित पूर्वाधारमा कार्यक्रम नभएको । सुरुमा ३६४७ योजना-अहिले ५००० भन्दा वढी ।<br>• उपभोक्ता समितिवाट काम गराउन नसकिएको । | • द्वन्द्ववाट प्रभावित पूर्वाधारको निर्माणमा प्राथमिकता दिई कार्यक्रममा तिव्रता ल्याउनु पर्ने । |

| | | |
|---|---|---|
| ९.RRRSDP | • Labour Based भने पनि श्रमको अभावमा Machine को वढी प्रयोग र वातावरणमा नकारात्मक प्रभाव ।<br>• Slow Progress<br>• Community Ownership Issue<br>• Design fault (10m–52 Feet को issue ) र Heavy Traffic<br>• Resettlement Issue ( नापी/मालपोतको सहयोग नभएको) | • Climate Resilience Development concept मा मेशिनको प्रयोग कम गर्नु पर्ने ।<br>• प्रभावकारी अनुगमन वाट कार्यमा तिव्रता दिनु पर्ने ।<br>• सडक विभागको Norms अनुसार Standard Design को प्रयोग गर्नु पर्ने<br>• छुट्टै अमीनको व्यवस्था हुनु पर्ने |
| १०. स्वास्थ्य | • माथिवाट कार्यक्रम राख्ने र झिक्ने प्रक्रिया Need Based नभएको ।<br>• Data Base System को प्रयोग कम<br>• औषधी केन्द्रवाट किनेर पठाउने र जिल्लाले २०% मात्र किन्न पाउने प्रक्रियाले जिल्लामा समयमा औषधीहरु नहुने । | • Need based program design गर्नु पर्ने ।<br>• Data Base को अधिक्तम् प्रयोग<br>• औषधी किन्ने र वितरण गर्ने प्रणालीको सूधार । |
| ११. गरिवी निवारण | • समुदायको कानूनी पहिचानको समस्या<br>• Pro-poor को fund मा Access कम र Utilization को समस्या | • गरिवी निवारण सम्वन्धि कार्यक्रम स्थानीय निकाय मार्फत संचालन हुनुपर्ने |
| १२. Fast Track | • मुआब्जा र माफियाको समस्या<br>• Absentee Land Owners<br>• १ लाखको जग्गाको ७ लाख माग्ने प्रवृति<br>• मुआब्जाको वजेट रु ४ करोड खर्च नभएको । | • सवै सरोकारवालाहरु सँग समन्वय गरी मुआब्जा वितरण कार्यक्रम प्रभावकारी वनाउनु पर्ने । |

**समष्टीगत सुभावहरु**

- पूर्वी तराईको जिल्लाहरुमा शान्ति सुरक्षाको स्थीति सुदृढ गर्नुपर्ने ।
- विभिन्न क्षेत्रगत सव-डिभिजन कार्यालयहरुलाई जिल्लामा सहभागितात्मक योजना तर्जुमा प्रकृयामा संलग्न गराई स्थानीय निकाय प्रति उत्तरदायी वनाउनु पर्ने ।
- साना पूर्वाधार सम्वन्धी कार्य श्रोत साधान सहित स्थानीय निकायमा  निक्षेपण गर्नु पर्ने ।
- नयाँ कार्यक्रम लागु गर्दा सरोकारवालालाई orientation गराउनु पर्ने । जस्तै राष्ट्रपति चूरे संरक्षण कार्यक्रम सुरु गर्दा सरोकारवालाहरुलाई जानकारी नदिएको भन्ने गुनासो प्राप्त भएको ।
- वजेट तथा कार्यक्रम समयमै जिल्लामा पुग्नु पर्ने ।
- आयोजनाको लक्ष्य र प्रगति संग आयोजना प्रमुखको कार्य सम्पादन मूल्यांकन गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन संयन्त्र बनाउनु पर्ने ।
- क्षेत्रगत मन्त्रालय र विभागहरुबाट प्रभावकारी अनुगमन हुनु पर्ने ।
- स्थानीय निकायमा यथासक्य चाडो जनप्रतिनिधिको व्यवस्था हुनु पर्ने ।
- उपभोक्ता समितिमार्फत हुने कामलाई व्यवस्थित वनाउनुपर्ने ।